जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

पृष्ठ ३ मा



बर्ष ११ • अंक ६० • २०८० पौष ७ गते शनिवार • 23 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## धनुषामा प्रहरी हिरासतमै एक जनाको मृत्यु प्रहरीले चलाएको गोली लागेर एक जना घाइते

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ पौष**



धनुषाको हंसपुर नगरपालिका स्थित इलाका प्रहरी कार्यालय सुगानिकासमा गए राति स्थानीय अन्दाजी ४५ वर्षीय दीपनारायण मण्डलको मृत्यु भएको हो।

प्रहरीले कुटपिट गर्दा मृत्यु भएको भन्दै बिहानैदेखि स्थानीय आक्रोशितले प्रहरीले इलाकामाथि ढुंगामुढा गरेका छन्।

त्यस क्रममा प्रहरीले चलाएको गोली लागेर स्थानीय शंकर मण्डल घाइते भएका हुन्। उनको एउटा हातमा गोली लागेको हंसपुरका कार्यपालिका सदस्य राजेश सक्सेनाले जानकारी दिए। केही हवाई फायर गरिएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले बताए। मृतक र घटनाको विषयमा विस्तृत विवरण नआएको र आफू पनि घटनास्थल पुग्न लागेको उनले बताए।

## खुला विश्वविद्यालयबाट 'ल' पास गरेकालाई अधिवक्ताको लाइसेन्स परीक्षामा समावेश गराउन सर्वोच्चको आदेश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ६ पौष**



सर्वोच्च अदालतले नेपाल खुला विश्वविद्यालयबाट ल पास गरेकालाई अधिवक्ताको लाइसेन्स परीक्षामा समावेश गराउन आदेश दिएको छ। शुक्रबार सर्वोच्चको संवैधानिक इजलासले खुला विश्वविद्यालयबाट ल पास गरेका विद्यार्थीलाई अधिवक्ताको लाइसेन्स परीक्षामा सामेल गराउन अन्तरिम आदेश जारी गरेको हो। दरखास्त लिई विद्यार्थीहरुलाई समेत परीक्षामा भाग लिन दिनु भनी सर्वोच्चले नेपाल कानून व्यवसायी परिषदको नाममा आदेश दिएको छ। "नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम स्थापित विश्वविद्यालयबाट सञ्चालित शैक्षिक

बांकी पृष्ठ २

## महोत्तरीको मरहा खोलामा सालनाल सहित मृत शिशु फेला

**गणेश कुमार सिंह**
**महोत्तरी, ६ पौष**



महोत्तरीको सोनामा गाउँपालिका-३ स्थित मरहा खोलाबाट सालनालसहित फालिएको मृत शिशु फेला परेको छ।

इलाका प्रहरी कार्यालय गौशालाबाट प्रहरी निरीक्षक नेतृत्वको टोलीले मृत अवस्थामा शिशु फेला पारेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी दिलीपकुमार गिरीले जानकारी दिए। उनका अनुसार घटनास्थलमा पुगेको प्रहरी टोलीले मुचुल्का गरी मृत शिशुको पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ। नवजात शिशु कसले फालेको भन्नेबारे अनुसन्धान भइरहेको गिरीले बताए।

## झुठा मुद्दा लगाएर त्रसित बनाउने जनकपुरीया भन्ने रिजवान खातुन पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**बारा, ६ पौष**



बाराको जीतपुरसिमरा उपमहानगर पालिका वडा नम्बर ७ को जनकपुरिया भन्ने रिजवाना खातुनलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। पर्सा प्रहरीले जनकपुरिया भन्ने रिजवाना खातुनलाई ठगी मुद्दामा पक्राउ गरेको पर्साका एसपी कोमल शाहिले बताए।

उच्च अदालत जनकपुर बाट मिति २०७९ फागुन महिनाको १६ गते मा भएको फैसलामा न्याय प्रशासन ऐन २०७३ को दफा १२ को अवस्था विद्यमान नरहेको देखिँदा मुद्दा दोहराई हेर्ने अनुमती प्रदान गर्न मिलेन भनेर उच्च अदालतको अस्थायी ईजलास बिरगंजले फैसला गरे पछि रिजवाना खातुनलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। पहिलाको मुद्दा हेर्न न मिल्ने भए पछि पर्सा प्रहरीले उनलाई आज पक्राउ गरेको छ। जनकपुरिया भन्ने रिजवाना खातुनको केही हप्ता पहिला करवाहिको माग गर्दै स्थानियहरुले जीतपुरमा चक्का जाम गरेर बिरोध प्रदर्शन समेत गरेको थियो। उनले जीतपुरको मदरसा टोलका स्थानियहरु माथी झुठो आरोप लगाएर मुद्दा दर्ता गराएर त्रसित बनाउने कार्य समेत गर्दै आएको बुझिएको छ।

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी







## संस्कार

प्रथम प्रथम नमस्कार
जे जेना छी ओइ प्रकार
ली मनचाही आकार
करी अपन सपना साकार . .. .. .. ॥

होय सोचक प्रसार
प्रवाह होय सोचक आसार
बनी उपदेशक सार्थक सार
ले जैप आँहाँके संसार . ॥

निरर्थक जिवन अइ धिक्कार
बाद प्रतित होइय नकार
देखी मन अपन दैछी हकार
सबद्धी के बनाली बकार . .. .. .. ॥

संसार में व्याह अइ लाचार
जे केउ बीसल अइ आचार
सोचक प्रवाह होइय व्यवहारमें संचार
अइ समय अखनो क लीय पुनः विचार .॥

पर्योजन किय करे जे केउ प्रचार
एक दु तिन बाद हेबे करैछे चार
कर्म निष्ठ लोकक होइछै जय जयकार
समाचारो बनैछैथ ओहन अलंकार . .. .. .. ॥

इतिहाँस देखी डुबल छै अहंकार
निष्क्रिय भेल छै एहन के हुंकार
कर्म निष्ठ लोकक होइछै जय जयकार
व्यर्थ एहन के जिवन साफ साफ बेकार. .॥

निक विचारके दी पुरुषकार
सुनी असहाय के पुकार
करी हमरा प एक उपकार
छोट नम्हर केउ नै करी ककरो तिरस्कार . .. .. .. ॥

. .. .. .. .. .. .. .. संस्कार . .. .. .. .. .. .. .. .

खुला ........................................................................................

कार्यक्रम बमोजिम उपाधि प्राप्त व्यक्तिहरूलाई नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७ जारी (२०७७।२।०१) हुनुभन्दा अगाडिदेखि नै कानूनको स्नातकतहको अध्ययन कार्यमा संलग्न रही उपाधि हासिल गरेको व्यक्तिहरूको हकहितमा प्रतिकूल असर पर्ने गरी नियममा अन्यथा सर्तहरू राखी अधिवक्ताको व्यवसायी परीक्षामा सामेल हुन दिनबाट बञ्चित गर्नु मनासिब देखिएन," सर्वोच्चले भनेको छ।

## बाल यौन दुर्व्यवहार आरोपमा पक्राउ परेका एक थनुवा सिरहाबाट फरार



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ६ पौष**

बाल यौन दुर्व्यवहार आरोपमा पक्राउ परेका एक थनुवा सिरहाबाट फरार भएका छन्। म्याद थपका लागि जिल्ला सरकारी वकिलको कार्यालय सिरहाको अगाडिबाट हतकडीसहित थुनुवा फरार भएका हुन्।

आरोपित छोटु सदा दिउँसो १ बजे हतकडीसहित फरार भएको सिरहा प्रहरी प्रवक्ता (डिएसपी) रविन्द्रराज पाण्डेले बताए। बाल यौन दुर्व्यवहार आरोपमा सदालाई बिहीबार लहान प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो।

प्रहरीको भ्यानबाट तल ओराल्ने क्रममा सदा हतकडीसहित भागेको डिएसपी पाण्डेले बताए। उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।




महोत्तरीको जलेश्वर नगरपालिका वडा नः-२ वैष्णो देवी चौक स्थित माता वैष्णो देवी पूजाको कलश शोभा यात्रा निकालिएको दृश्य।

## जनमत पार्टी धनुषाले राष्ट्रिय सभाको लागि इन्द्रजित यादवको नाम गरे सिफारिस

**गणेश कुमार सिंह**
**धनुषा, ६ पौष**

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले राष्ट्रिय सभाको लागि धनुषाबाट ईन्द्रजीत यादवको एकल



सिफारिस गरेको छ। शुक्रबार जनमत पार्टी धनुषा केन्द्रिय सदस्य एवम् जिल्ला इन्चार्जको अध्यक्षतामा बसेको बैठकवाट यादवलाई राष्ट्रियसभा उमेदवारका बनाउनको लागी सिफारिस गरेको हो।


जनमत पार्टी केन्द्रिय सचिवालयमा सर्वसहमतिवाट यादवलाई राष्ट्रिय सभाको लागि सिफारिस गरिएको पार्टीका जिल्ला इन्चार्ज मण्डलले बताए।


जनमत पार्टी केन्द्रिय कार्यकारिणी सदस्य समेत रहेका यादवलाई राष्ट्रिय सभाको लागि सिफारिस गरेपछि उनलाई विभिन्न माध्यमबाट शुभचिन्तकहरुले बधाई दिएका छन्।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।





एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी

जलेश्वरनाथको दर्शन गरौं,
मनवाञ्चित फल पाऔं।
जलेश्वर नगरपालिका,महोत्तरी


## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः मनमा पछुतो आउने
मिथुनः खानपानमा समस्या आउने
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः आम्दानी हुने
कन्याः लामो यात्राको योग छ
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः अनावश्यक खर्चको संभावना
धनुः अनावश्यक चिन्ता
मकरः पढाईमा ध्यान दिनुपर्ने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनवाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# गणतन्त्र दिवसको प्रमुख अतिथिका लागि भारतले दियो फ्रान्सका राष्ट्रपतिलाई निमन्त्रणा

**एजेन्सी**
**नयाँदिल्ली, ६ पौष**



भारतको गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथिका रूपमा फ्रान्सका राष्ट्रपतिलाई निमन्त्रणा गरिएको छ ।फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौंलाई सन् २०२४ को जनवरी २६ मा भारतको गणतन्त्र दिवस समारोहमा सहभागी हुन निमन्त्रणा गरिएको स्रोतहरूले जनाएका छन् ।

नयाँदिल्लीमा आयोजना हुने गणतन्त्र दिवस समारोहमा फ्रान्सको नेतृत्वको प्रमुख आतिथ्यताको यो छैठौं अवसर हुनेछ । म्याक्रौंभन्दा पहिले फ्रान्सका पूर्वप्रधानमन्त्री ज्याक शिराक सन् १९७६ र १९९८ मा भारतको गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथि भएका थिए भने सन् १९८०, २००८ र २०१६ मा पूर्वराष्ट्रपति भ्यालेरी गिस्कार्ड डी'एस्टाइङ, निकोलस सार्कोजी र फ्रान्कोइस ओलान्द मुख्य अतिथि भएका थिए । गत बर्ष उक्त समारोहको प्रमुख आतिथ्यता दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले गरेका थिए । भारत र फ्रान्सले रक्षा, अन्तरिक्ष, असैनिक आणविक, व्यापार, लगानी, शिक्षा, संस्कृति र जनता-जनताबीचको सम्बन्धलगायत विभिन्न क्षेत्रमा घनिष्ट सहयोग गरिरहेका छन् । सन् १९५० मा भारतले ब्रिटिश साम्राज्यसँगको सम्बन्ध भङ्ग गरेको थियो । उक्त दिन भारतमा संविधान लागु भएको थियो र त्यसै दिनदेखि भारत एउटा सार्वभौम गणतन्त्र बनेको थियो । देशको सैन्य शक्ति, प्राविधिक विकास र सांस्कृतिक विविधता झल्काउने दिनका रूपमा भारतले गणतन्त्र दिवस मनाउँछ ।

# ११४ अंकको उत्साहप्रद वृद्धिसँगै ३० अर्बको कारोबार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ६ पौष**

यो साता पनि सेयर बजारमा निकै उत्साहप्रद कारोबार भएको छ । मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षासँगै उर्लिएको सेयर बजार मा अघिल्लो साता १४२ अंकमाथिको वृद्धि भएको थियो । थप यो साता ११४.५ अंकले वृद्धि हुँदै नेप्से सूचक २१०९.१० अंकमा उक्लिएको छ । १८ सयको पेरि फेरिमा घुमिरहेको नेप्से सूचक दुई सातामा नै करिब २५० अंकले बढ्नुले लगानीकर्ताहरू निकै उत्साहित छन् । उसो त नेप्से सूचकसँगै यो साता कारोबारमा समेत उच्चता आएको छ । साताको पाँचै कारोबार दिन खुलेको बजारमा ३० अर्ब ३६ करोड ७९ लाख ४२ हजार ३१५ रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । यो पछिल्लो वर्षको हालसम्मकै उच्च कारोबार हो । पुस १ गते आइतबार खुलेको बजार मा पहिलो दिनमा नै २७.७५ अंकको वृद्धि हुँदै गर्दा ५ अर्ब १० करोड २७ लाखको कारोबार भएको थियो भने दोस्रो दिन ३८.१४ अंकले नेप्से सूचक बढेको बजार मा ६ अर्ब ७५ करोड ६० लाख रुपैयाँ, तेस्रो दिन ४५.९८ अंकले बढ्दा ५ अर्ब ४८ करोड ४ लाख रुपैयाँ र चौथो दिन ३५.९८ अंकले




सूचक बढेको दिन उच्च ६ अर्ब ८८ करोड ६२ लाख ३३ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।

साताको अन्तिम कारोबार दिन बिहीबार भने नेप्से सूचकमा ३२.७७ अङ्कको करेक्सन आउँदै ६ अर्ब १४ करोड २४ लाख ७५ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको नेपाल स्टक एक्सचेन्जले जनाएको छ ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।







बलवा नगरपालिकाको कार्यालय, धनुषा

## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# 'फाइटर'को 'इश्क जैसा कुछ' गीतमा ऋतिक र दीपिकाको रोमान्टिक अवतार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ६ पौष**



अभिनेता ऋतिक रोशन र दीपिका पादुकोण अभिनित फिल्म 'फाइटर'को दोस्रो गीत रिलिज गरिएको छ । 'इश्क जैसा कुछ' बोलको गीतमा ऋतिक र दीपिका ग्ल्यामरस लुक्समा देखिएका छन् ।

समुन्द्रको किनारमा खिचिएको गीतमा दुवै कलाकारलाई रोमान्टिक मुडमा प्रस्तुत गरिएको छ । गीतमा संगीत विशाल शेखरले दिएका हुन् । शेखर को अलवा शिल्पा रावको पनि स्वर गीतमा छ । 'फाइटर' भारतको पहिलो हवाई एक्सन फिल्म बताइएको छ । गीत सार्वजनिक भएलगतै विभिन्न प्रतिक्रिया मिलिरहेको छ ।

एक युजर्सले डान्सका किङ र ब्युटी क्वीन एकसाथ भनेर कमेन्ट गरेका छन् । अर्का एक युर्जसले वा भन्दै गीतको तारिफ गरेका छन् । उनले बलिउड फिल्मको गीतमा यस्तो सुहाउँदो केमेस्ट्री अहिलेसम्म नदेखेको समेत लेखेका छन् । कतिपयले ऋतिकको नृत्यको समेत तारिफ गरेका छन् ।

# एपीएफ क्लबले १० विकेटले हरायो मधेश प्रदेशलाई

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ६ पौष**



प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको दोस्रो दिन शुक्रबार खेलिएको खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले मधेश प्रदेशलाई १० विकेटको फराकिलो अन्तरले पराजित गरेको छ । टस जिती पहिले ब्याटिङको निर्णय लिएको मधेश प्रदेशले १९.२ ओभरमा अलआउट हुनुअघि ४० रनमात्र बनाउन सकेको थियो ।

पछ्याउँदै जवाफी ब्याटिङमा ओर्लिएको एपीएफ क्लबले ५.५ ओभरमै कुनै पनि विकेट नगुमाई जित हासिल गर्यो । एपीएफ क्लबको जितमा ओपनर ज्योति पाण्डेले अविजित १६ रनको योगदान गरिन् । उनले २६ बलमा तीन चौका पनि प्रहार गरिन् । अर्की ओपनर सीता रानामगरले अविजित १९ रन जोडिन् । कप्तानसमेत रहेकी उनले केवल नौ बलमा चार चौका हिर्काइन् । एपीएफ क्लबले अतिरिक्त रुपमा पनि ६ रन पाएको थियो । त्यसअघि कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको मधेश प्रदेशका लागि एक खेलाडीले मात्र दोहोरो अंकमा रन बनाउन सकिन् । केवल १५ रनको कुल स्कोरमा पाँच महत्वपूर्ण विकेट गुमाइसकेको मधेश प्रदेशका लागि छैटौं नम्बरकी ब्याटर प्रतिमा शाहले १५ रन बनाएकी हुन् । उनले ३४ बलमा एक चौका पनि हिर्काइन् । ओपनर एलिसा यादब खाता खोल्नुअघि नै पेभेलियन फर्किएकी थिइन् । अर्की ओपनर सना प्रविन पनि तीन रनभन्दा अगाडि बढ्न सकिनन् । पूजा महतो शून्य रनमै आउट भइन् । सर स्वती कुमारीले सात रन बनाइन् । रोजी कडारी शून्य रनमै आउट भइन् ।

आरती महतो र भूमी सिंहले पाँच-पाँच रन बनाए । साक्षी यादव शून्य रनमा आउट भइन् । कप्तान कविता गौतमले एक रन बनाइन् । मीना महतो शून्य रनमा अविजित रहिन् । मधेश प्रदेशले अतिरिक्त रुपमा चार रन पायो । एपीएफ क्लबकी बलर सीता रानामगरले तीन विकेट लिइन् । रेखा रावल र सुमन बिष्टले पनि एक-एक विकेट हात पारे । इन्दू बर्माले एक विकेट लिइन् ।



# मन्त्री फेर्ने प्रचण्डको तयारी : को-को छन् टार्गेटमा ?

**–रमेश सापकोटा**

एकाधबाहेक अधिकांश मन्त्रीले प्रभावकारी कार्यसम्पादन गर्न नसकेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' स्वयंले मन्त्रीहरूलाई प्रस्ट चेतावनी दिएका छन्।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लाने ठगी, बालुवाटार जग्गा र सुन तस्करीका विषयमा निर्मम भएका सुशासनका केही विषयबाहेक सरकारले प्रभावकारी कार्यसम्पादन देखाउनै नसकेको निचोडमा प्रधानमन्त्री पुगेका हुन्।

त्यसैले प्रधानमन्त्री प्रचण्डले माओवादी केन्द्रको पदाधिकारी बैठकदेखि सार्वजनिक रूपमै पनि सञ्चार माध्यमलाई प्रतिक्रिया दिँदै अब काम नदेखाउने मन्त्रीलाई फाल्ने बताएका हुन्।

उनले मन्त्रीहरूको कार्यसम्पादनबारे आफूले समीक्षा गरिरहेको भन्दै मन्त्रीलाई लक्ष्य दिने र पूरा नभए कडा रूपले प्रस्तुत हुने बताए। बिहीबार साँझ विराटनगर पुगेपछि विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रचण्डले अब मन्त्रीका कमजोरीलाई बोकेर नहिँड्ने प्रस्टै बताएका छन्।

'सुशासन र सामाजिक न्यायका विषयमा हामीले सफलतापूर्वक नै काम गरेका छौं। अब विकास निर्माण र जनताको सेवाको सवालमा फरक ढंगले अगाडि बढ्ने नै हो,' बिहीबार साँझ विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रधानमन्त्रीले भने, 'अब मन्त्रीहरूलाई निश्चि टार्गेट दिइन्छ। त्यो लक्ष्य पूरा भएन भने कडा रूपले नै जाने मेरो तयारी छ।'

शुक्रबार फेरि विराटनगरमा बोल्दै प्रधानमन्त्रीले परिणाम नदिए १० पुसपछि मन्त्री फेरेर भए पनि परिणाम देखाउने गरी काम गर्ने बताए।

'१० गते मेरो १ वर्ष पूरा हुन्छ। १० गतेका दिन नै राष्ट्रको नाममा सम्बोधन गर्ने र ११ गतेबाट नै जनताका कामहरू अगाडि लाने मैले प्रतिबद्धता व्यक्त गरिसकेको छु। मैले सिंहदरबारमा विभिन्न मन्त्रीलाई बोलाएर उनीहरूका काम कसरी भएका छन्, हेरिरहेको छु,' प्रचण्डले भने, 'आफैंले प्रतिबद्धता व्यक्त गरेका कामपनि कतिपय मन्त्रालयले पूरा गरेका छैनन्। त्यस्ता मन्त्रालयलाई पुनर्गठन गरेर, मन्त्री फेरेर भए पनि कामलाई गति दिनेतिर मैले प्रतिबद्धता व्यक्त गरेको छु।'

प्रधानमन्त्रीले गत साउनमा मन्त्रीलाई कार्यसम्पादन मूल्यांकन फाराम भर्न लगाएका थिए। यसमा उत्तीर्णलाई पुरस्कृत र अनुत्तीर्णलाई कारबाही गर्ने पनि बताएका थिए। तर, साउनपछि प्रधानमन्त्रीले आफैंले गरेको वाचालाई कार्यान्वयन गरेनन्। निरन्तर मन्त्रीमाथि प्रश्न उठ्ने क्रम नरोकिएपछि प्रधानमन्त्रीले ५ पुसदेखि १० पुससम्म काठमाडौं नछाडी आफ्नो प्रतिवेदन पेस गर्न मन्त्रीलाई निर्देशन दिएका छन्। उनले मन्त्रीको रिपोर्ट कार्ड बुझ्ने र कमजोरलाई कारबाही गर्नेसम्मको चेतावनी दिएको माओवादी स्रोत बताउँछ।

प्रधानमन्त्रीले कार्यसम्पादनमा धेरै नै प्रश्न उठेको भन्दै 'एक वर्ष भयो, अब पनि नतिजा दिन नसक्ने हो भने मन्त्रीले आफैं बिदा लिनुपर्छ' भनेको अर्का एक नेता बताउँछन्।

'पार्टीभित्र र बाहिर सबैतिर एक वर्षमा सरकारले कहाँ के गऱ्यो भनेर खोजी हुन थालेको छ। मन्त्रीदेखि प्रधानमन्त्रीको रिपोर्ट कार्ड माग्न थालिएको विषयमा प्रधानमन्त्री निकै संवेदनशील भएको पाएका छौं,' माओवादीका एक प्रभावशाली नेता भन्छन्, 'मन्त्रिपरिषद्का पछिल्ला बैठकमा प्रधानमन्त्रीले एक वर्ष भयो, अब पनि काम देखाउन नसक्ने हो भने स्वैच्छिक रूपमा मन्त्रीबाट बिदा लिनुपर्ने आशय प्रस्टै बताउनुभएको बुझेका छौं।'

काम देखाउनका लागि एक वर्षको समयावधि पर्याप्त हुने भन्दै अब मन्त्रीलाई कुनै बहानाबाजी नदेखाउन प्रधानमन्त्रीले चेतावनी दिएको नेताहरू बताउँछन्। नेताहरूका अनुसार बैठकमा उनले आफ्ना मात्रै नभएर कांग्रेससहित दलका मन्त्रीको कार्यसम्पादनबारे पनि जनस्तरबाटै प्रश्न उठेको पटक-पटक बताएका थिए।

सुशासनका सबालमा एकाध काम हुनुबाहेक एक वर्षमा आर्थिक अवस्था, महंगी, मूल्यवृद्धिजस्ता विषयमा जनतालाई डेलिभरी दिनेगरी काम गर्न नसकिएको बुझाइमा प्रधानमन्त्री पुगेको माओवादी नेता गणेश साह बताउँछन्।

'सरकारले शुरूबाटै नक्कली भुटानी शरणार्थी, बालुवाटार जग्गा प्रकरण, सुन तस्करीदेखि, मिटरब्याजी पीडितविरुद्ध आक्रामक अभियान नै चलाएको हो। यसलाई प्रधानमन्त्रीले पनि तारिफ गर्दै आउनुभएको छ,' साह भन्छन्, 'तर, एक वर्षमा नागरिकले अपेक्षा गरेअनुसार डेलिभरी नदिँदा चरम वितृष्णा आएको बुझाइ प्रधानमन्त्रीमा पनि देखिन्छ। यसैले उहाँले अब केही न केही हिसाबले फरक ढंगले हिँड्ने बताइरहनुभएको छ।'

माओवादीको बिहीबार बसेको पदाधिकारी बैठकमा पनि प्रधानमन्त्रीले खुलेरै सरकार अब नयाँ ढंगले अगाडि बढ्ने प्रस्टै बताएको माओवादी नेता देवेन्द्र पौडेल बताउँछन्। 'एक वर्ष भयो, तर हामीले गर्न सक्ने काम पनि गरिएन भन्दै प्रधानमन्त्रीले निराशा जनाउनुभएको थियो,' पौडेलले भने, 'अब कार्यशैली बदलेर सरकार आक्रामक ढंगले अनि नयाँ हिसाबले लाग्नुपर्छ र नयाँ कदम चाल्नुपर्छ भन्नेमा प्रधानमन्त्री देखिनुभएको छ।'

प्रधानमन्त्रीले केही दिनअघि संसदीय समितिले बोलाएको छलफलमा पनि सरकारले अपेक्षित काम गर्न नसकेको बताएका थिए।

प्रधानमन्त्रीले दुईचार दिन वा एक हप्ता भन्दा पनि केही समय अझै मन्त्रीलाई दिने र राष्ट्रिय सभा निर्वाचनपछि एउटा कदम चाल्ने संकेत गरेको माओवादी नेता शाह बताउँछन्।

'सरकारमा एक वर्ष रहेर जति काम गर्न खोजेको हो, त्यति गर्न सकेको छैन, पाएको छैन भन्ने चिन्ता मलाई पनि छ। अझै पनि भ्रष्टाचारी र भूमाफियालाई हान्न मन छ,' प्रधानमन्त्रीले भनेका थिए।

प्रधानमन्त्रीले दुईचार दिन वा एक हप्ता भन्दा पनि केही समय अझै मन्त्रीलाई दिने र राष्ट्रिय सभा निर्वाचनपछि एउटा कदम चाल्ने संकेत गरेको माओवादी नेता शाह बताउँछन्।

'सरकारले सुशासनमा शुरूमा राम्रो काम गऱ्यो, तर जति हुनुपर्ने हो सन्तोषजनक नभएकाले अब दिनहुँ सिंहदरबार गएर मन्त्री र कार्यालयको कार्यसम्पादन बुझ्छु, क्रियाशील हुन्छु भनेर प्रधानमन्त्रीले पार्टीमा बताउनुभएको छ,' साह भन्छन्, 'प्रधानमन्त्रीले अब पनि काम नभए मन्त्रिमण्डलका सदस्य हेरफेर हुनसक्ने समेत बताउनुभएको छ।'

प्रधानमन्त्रीकै सक्रियता पनि प्रभावकारी नभएको उनी बताउँछन्। 'प्रधानमन्त्रीका रूपमा उहाँले मन्त्रालय, मन्त्रालयअन्तर्गतका विभाग वा आयोजना कहाँ कसरी काम भयो, कति प्रगति भयो भनेर नियमित रिपोर्टिङ लिने र नभए किन भएन भनेर तदारुकता देखाउनुपर्ने हो, त्यस्तो भएको भए मन्त्रीले पनि नतिजा दिन सक्थे,' साह भन्छन्, 'उहाँ जनताले गरेको काम पनि देखेनन् भन्नुहुन्छ, तर प्रधानमन्त्री दिनकै तीनचारवटा कार्यक्रममा भाषण गर्न जानुहुन्छ, अनि कहाँबाट उहाँले नतिजा दिन सक्नुहुन्छ ?'



संघीयता कार्यान्वयनका लागि आवश्यक ऐन अगाडि नबढेकाले अध्यादेश ल्याएर भए पनि अगाडि बढ्नुपर्ने प्रस्ताव आएको साह बताउँछन्।

**कुन-कुन मन्त्री रेड जोनमा ?**

खासगरी केही समयदेखि नै अर्थतन्त्रमा मुख्य समस्या देखिएकाले अर्थमन्त्री डा. प्रकाशशरण महतको कार्यशैलीसँग प्रधानमन्त्री पनि सन्तुष्ट नरहेको नेताहरू बताउँछन्।

'जिम्मेवार र अनुभवी भनिएका कांग्रेसका नेता अर्थमन्त्री बन्दा अर्थतन्त्रमा अपेक्षित सुधार हुन्छ भन्ने विश्वासमा प्रधानमन्त्री हुनुहुथ्यो, तर अर्थमन्त्रीले अर्थतन्त्र चलायमान बनाउने र आशा जगाउने गरी अग्रसरता नलिएकोप्रति प्रधानमन्त्री असन्तुष्ट हुनुहुन्छ,' माओवादीका एक नेता भन्छन्, 'अर्थमन्त्रीमाथि माओवादीले मात्रै होइन, कांग्रेसले पनि सकारात्मक धारणा बनाएको छैन, बरु थुप्रै प्रश्न उठेका छन्।'

अरू दाबेदारलाई पछाडि पार्दै पटक-पटक मन्त्री भएका ऊर्जामन्त्री शक्ति बस्नेतले पनि अवसर पाउँदा काम देखाउन नसकेको बुझाइ प्रधानमन्त्रीको रहेको नेताहरू बताउँछन्।

आफ्नो भारत भ्रमणमा ऊर्जा व्यापारको सम्बन्धमा महत्त्वपूर्ण छलफल भए पनि दीर्घकालीन रूपमा विद्युत व्यापारका विषयमा विभागीय मन्त्रीले प्रभावकारी अग्रसरता नलिएको प्रधानमन्त्रीको बुझाइ रहेको एक नेताले बताए। अन्तर्राष्ट्रिय विमानस्थलभित्रको सुधार, नेपाल एयरलाइन्सको सुधार, पर्यटक आगमनमा वृद्धिजस्ता विषयमा शुरूआतमा गरेका कामबाट पर्यटन मन्त्री सुदन किराँती केही चर्चामा आएका थिए। कामभन्दा बढी स्टन्ट र पछिल्लो समय सांस्कृतिक सद्भाव बिथोल्ने किसिमको किराँतीको विवादित अभिव्यक्तिपछि प्रधानमन्त्री असन्तुष्ट रहेको बताइन्छ।

ठूलो समस्या नभए पनि अर्बौं लगानी भएको मेलम्ची खानेपानी पुनः सुचारु गर्न नसकेकोमा प्रधानमन्त्री खानेपानी मन्त्री महिन्द्रराय यादवसँग पनि असन्तुष्ट छन्। त्यस्तै दलबाट मन्त्रीको कोटा पूरा गरेको तर कार्यसम्पादनमा असाध्यै कमजोर रहेको भन्दै शिक्षामन्त्री अशोक राई, कृषि तथा पशुपन्छी मन्त्री बेदुराम भुसाल, भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालासँग पनि प्रधानमन्त्री सन्तुष्ट नरहेको एक नेताले बताए। कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी, भूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठलगायतविरुद्ध पनि प्रधानमन्त्रीसामु गुनासो पुगिरहेको ती नेताको दावी छ।

साभार : लोकान्तर

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।








जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- ➢ धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- ➢ यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- ➢ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- ➢ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- ➢ यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday